**हरिवन नगरपालिका**

# नगर कार्यपालिकाको कार्यालय

हरिवन, सर्लाही

मधेश प्रदेश , नेपाल

**आ.व. २०८१।०८२ का लागि आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त) सम्बन्धी सिलबन्दी वोलपत्रको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८१।०२।३१**

हरिवन नगरपालिकाले आगामी आ.व. २०८१।०८२ मा आन्तरिक आय संकलनको लागि तपसिलबमोजिम ठेक्का बन्दोबस्त गर्नु परेकोले ईच्छुक फर्म वा कम्पनीहरुबाट देहाय बमोजिमका शर्तको अधीनमा रही सिलबन्दी बोलपत्र आव्हान गरिएको छ।

**शर्तहरुः**

१. ईच्छुक फर्म वा कम्पनीहरुबाट आफ्नो फर्म नवीकरण, मूल्य अभिबृद्धि कर तथा आ व २०७९।०८० को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपिसहित बोलपत्र फाराम तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी मिति २०८१।३।२८ गते कार्यालय समयसम्म खरिद गर्न सकिनेछ। साथै www.bolpatra.gov.np /egp बाट लिन वा हेर्न सकिने छ।

२. सिलबन्दी खामबाहिर विवरण प्रष्ट खुलाई मिति २०८१।३।३० गते मध्यान्ह १२:०० बजे सम्म बोलपत्र यस कार्यालयमा छुट्टाछुट्टै दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरु कार्यालय प्रतिनिधि तथा बोलपत्रदाता वा निजहरुको प्रतिनिधिहरुको मिति २०८१।३।३० मा दिउसो २:०० बजे हरिवन नगरपालिकाको कार्यालयमा खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने कार्यमा बाधा पर्ने छैन।

३. बोलपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन विदा परेमा उक्त कार्यहरु क्रमशः लगत्तै कार्यालय खुलेको दिन हुनेछ।

४. केरमेट गरी सही नगरेको, सही छाप नभएको, म्याद नाघी पर्न आएको बोलपत्र उपर कार्यवाही हुने छैन।

५. बोलपत्रदाताले कबुल गरेको अंकको ५ प्रतिशत बाट हुन आउने धरौटी रकम यस नगरपालिकाको नेपाल बैंक लि. हरिवन शाखा, हरिवन सर्लाहीमा रहेको धरौटी खाता नं. ग.-३-०:१३२०३०००००३००००००००१ मा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले यस कार्यालयको नाममा जारी गरेको कम्तिमा नब्बे दिन म्याद भएको बोलपत्र जमानतको सक्कल प्रति बोलपत्र फाराम साथ संलग्न राखी पेश गर्नुपर्ने छ।

६. स्वीकृत बोलपत्र दाताले आफुले कवोल गरेको कुल रकम एक्मुष्ठ बुझाउनु पर्नेछ वा कबोल गरेको रकम वरावरको १३ महिना म्याद भएको नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंक, नेपाल बैंक, कृषि विकास बैंक (वित्तिय संस्था, फाईनान्स, कम्पनी, सहकारी वित्तिय संस्थाहरु वाहेक) को कार्यसम्पादन जमानत ठेक्का सम्झौता गर्दा नै पेश गर्नु पर्नेछ। उक्त बैंक जमानत पेश नगरेमा वा एक मुष्ट नगद नबुझाएमा निजको धरौटी जफत गरी प्रचलित कानून वमोजिम कार्वाही गरिनेछ। ठेकेदारले सम्झौताको समयमा ठेक्का अनुसारको सम्पूर्ण ठेक्का रकम एकमुष्ट बुझाएमा दश प्रतिशतले हुने रकम छुट दिईनेछ।

७. ठेक्का वापत नेपाल सरकारलाई तिर्नु, बुझाउनु पर्ने सबै कर ठेक्कादार स्वयंले बुझाउनु पर्ने छ।

८. समयमा किस्ता रकम नबुझाएमा बैंक जमानतबाट नगरपालिकाले किस्ता रकम असुल उपर गर्नेछ।

९. ठेकेदारले बोलपत्र फाराम साथ संलग्न दररेट अनुसार कर संकलन गर्नु पर्नेछ।

१०. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार नगरपालिका कार्यालयमा निहित रहनेछ।

११. ठेक्काचलन ठेक्का सम्बन्धी कबुलियतनामा र पट्टाबमोजिम मात्र गर्न पाईने छ। कानूनले निषेध गरेको सामग्रीमा कर तथा सेवा शुल्क असुल गर्न पाईने छैन।

१२. कर तथा शुल्कको दररेट सम्वन्धी विवरण वोलपत्र फारममा उल्लेख भएअनुसार हुनेछ। यस सूचनामा उल्लेख नभएका कुराको हकमा प्रचलित कानूनअनुसार हुनेछ।

**तपसिल**

| सि. नं. | ठेक्काको किसिम | बजार लाग्ने क्षेत्र | न्यूनतम ठेक्का अंक (मु.अ.कर बाहेक) | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | खसि बजार | हरिवन ११ | रु ६४,७१,०००।– | ३,०००।– | वोलपत्र |
| २ | मिना बजार | हरिवन ११ | रु ३३,२०,५०० ।– | ३,०००।– | वोलपत्र |
| ३. | धरहरा बजार, | हरिवन-१० | रु ५५,०००/०० | १,०००।– | दरभाऊपत्र |
| ४. | डावरी बजार | हरिवन-०३ | रु १५,०००/०० | १,०००।– | दरभाऊपत्र |
| ५. | नयारोड तरकारी बजार | हरिवन-०९ | रु ४०,०००/०० | १,०००।– | दरभाऊपत्र |
| ६. | गणेश चोक स्थित पोखरी | हरिवन-०४ | रु १५,०००/०० | १,०००।– | दरभाऊपत्र |
| ७. | सुखेपोखरी स्थित पोखरी | हरिवन-०९ | रु २०,०००/०० | १,०००।– | दरभाऊपत्र |
| ८. | शिवसागर पोखरी | हरिवन-०९ | रु ३६,०००/०० | १,०००।– | दरभाऊपत्र |
| ९ | बिज्ञापन सामग्रीमा लाग्ने बिज्ञापन कर ठेक्का | हरिवन न.पा. | रु १,७५,०००/०० | १,०००।– | दरभाऊपत्र |
| १०. | जडिबुटी,कवाडी र जीवजन्तु कर संकलन ठेक्का | हरिवन न.पा. | रु १४,५०,०००/०० | १,०००।– | दरभाऊपत्र |

**हरिवन नगरपालिका**